स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यो चुनावी माहोलबीच अभिनेता राजेश हमालले भने सामाजिक सञ्जालमा गाली खाइरहेका छन् । कारण किन ? २१ फागुनमा सम्पन्न चुनावको पूर्वसन्ध्यामा हमालले भिडियोमार्फत जेनजीसहित वैकल्पिक राजनीतिक दलप्रति असन्तुष्टिपूर्ण प्रतिक्रिया जनाएका थिए । साथै, देश चलाउन अनुभवी व्यक्ति चाहिने बताएका थिए । नेपालको भूराजनीतिका कारण नेपाली राजनीति सधैं पेचिलो हुने गरेको र यसबाट देशलाई जोगाउन फरेन पोलेसी बुझेको र रणनीतिक सोच भएको व्यक्ति चाहिने बताएका थिए ।

आजको विचार...



जितेन्द्र जिसी

गगनमाथि...
(दुई पेजमा)



"आबाट आमा" अभिनेता पल शाहको करिअरमा सबैभन्दा धेरै कमाउने फिल्म बनेको छ । २३ फागुनको शनिबारसम्म यो फिल्मले देशब्यापी १२ करोड ६६ लाख ९० हजार ९८१ रुपैयाँ ग्रस कमाइ गरेको छ । सोही अवधिसम्म यो फिल्मले ४ लाख ८२ हजार ६४७ वटा टिकट बिक्री गरेको छ । यसअघि उनी अभिनित "शत्रु गते" ले १२ करोड ६५ लाख ८२ हजार १३५ रुपैयाँ ग्रस कमाइ गरेको थियो ।

❐ वर्ष ३१ ❐ अंक २२१ ❐ २०८२ फागुन २६ गते मंगलबार 10 March 2025, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# राजनीतिक संस्कार : पराजित भए पनि शुभेच्छुक र मतदातालाई धन्यवाद दिँदै उम्मेदवार

**रामचन्द्र रायमाझी**

**पाल्पा,** फागुन २५/ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणाम आउने क्रम जारी छ । देशभरबाट प्रत्यक्षतर्फको मत परिणाम आइसके पनि समानुपातिक तर्फको आउने क्रम जारी नै छ ।

सामन्यतया: निर्वाचनमा विजयी हुनेले उत्सव मनाउने गर्छन् भने पराजित हुनेले निरास हुँदै एक अर्कोमा पराजित हुनुको दोष देखाउने गर्छन् । त्यति मात्र होइन आम मतदाता र शुभेच्छुकप्रति असन्तुष्टि व्यक्त गर्ने चलन छ । वास्तवमा यस्तो राजनीतिक संस्कार हुन सक्दैन । तर पाल्पामा भने यस पटक पराजित हुने उम्मेदवारले राजनीतिक संस्कार देखाएका छन् । यसपटक मतगणना भइरहँदा र परिणाम सार्वजनिक हुँदा विगतमा जस्तो विजयी र पराजित हुनेबीच तित्तता देखिएन । निर्वाचनमा हार्ने उम्मेदवारले जित्नेलाई खाता, अविर लगाइदिदैं बधाई दिए, सफल कार्यकालको कामना गरे । त्यति मात्र होइन उनीहरुले




शुभेच्छुक र मतदाताहरुप्रति हार्दिक आभार एंव धन्यवाद समेत व्यक्त गरे । यसलाई धेरैले राजनीतिक संस्कार सुरुआतका रुपमा पनि व्याख्या गरेका छन् । यहाँको क्षेत्र नम्वर २ मा राष्ट्रिय स्वतन्त्र पार्टीका नेता माधव बहादुर थापाले २६ हजार ७ सय ३६ मत प्राप्त गरेर विजयी भए । थापा विजयी भए पनि पराजित हुने उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका हिमालदत्त श्रेष्ठ, नेकपा (एमाले)का ठाकुरप्रसाद गैरे, नेपाली कम्युनिस्ट पार्टीका सोमप्रसाद पाण्डेय, राष्ट्रिय जनमोर्चाका विशाल दर्लामी लगायतका उम्मेदवारले विजयी थापालाई बधाई दिए । अर्कोतर्फ काँग्रेसका श्रेष्ठ, एमालेका गैरे र नेपाली कम्युनिस्ट पार्टीका पाण्डेयले छुट्टाछुट्टै कार्यक्रम नै आयोजना गरेर शुभेच्छुक, मतदाताहरुलाई हार्दिक आभार एवं धन्यवाद समेत दिएका छन् । काँग्रेस उम्मेदवार श्रेष्ठले सोमबार पार्टी कार्यालयमा पत्रकार भेटघाट कार्यक्रम गरी काँग्रेसका उम्मेदवारहरुलाई विजयी गराउन अमूल्य मत प्रदान गर्नुहुने, अहोरात्र खटिनुहुने तथा समर्थन र शुभेच्छा व्यक्त गर्नुहुने सम्पूर्ण मतदाता, पार्टीका कार्यकर्ता र शुभेच्छुकहरूप्रति हार्दिक आभार एवं धन्यवाद व्यक्त गरेका छन् । उनले निर्वाचनलाई भय रहित, मर्यादित र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सफल नेपाल सरकार, निर्वाचन आयोग, सुरक्षा निकाय, राष्ट्रसेवक कर्मचारी, सञ्चार माध्यम तथा सम्बन्धित सम्पुर्ण निकायप्रति पनि हार्दिक धन्यवाद व्यक्त गरे ।

(... **बाँकी अन्तिम पेजमा** )

## सक्षिप्त समाचार

### पहिरोमा चार जनाको मृत्यु

**(रासस/एएफपी)**

**जकार्ता,फागुन** २५ /इन्डोनेसियाको राजधानी जकार्तानजिकै रहेको देशकै सबैभन्दा ठूलो फोहोर डम्पिङ स्थलमा पहिरो जाँदा कम्तीमा चार जनाको मृत्यु भएको छ भने पाँच जना अझै बेपत्ता रहेका छन् । उद्धारकर्मीहरूले सोमबार जानकारी दिँदै बेपत्ता व्यक्तिहरूको खोजी कार्य तीव्र रूपमा जारी रहेको बताएका छन् ।

राष्ट्रिय खोज तथा उद्धार एजेन्सीका अनुसार आइतबार दिउँसो करिब २:३० बजे जकार्ताबाट करिब २५ किलोमिटर टाढा रहेको बान्तारगेबाङ फोहोर डम्पिङ क्षेत्रमा पहिरो गएको हो । पहिरोले त्यहाँ रहेका ट्रक र सडकछेउका खाद्य पसलहरू पुरिएका छन् । उद्धार टोलीले अवरुद्ध क्षेत्र खोल्न भारी उपकरण प्रयोग गरिरहेको छ भने सम्भावित पीडितहरूको खोजीका लागि तालिमप्राप्त कुकुरसमेत परिचालन गरिएको छ । स्थानीय सञ्चारमाध्यमका अनुसार लगातार परेको भारी वर्षापछि डम्पिङ स्थलमा पहिरो गएको हो । जकार्ता र आसपासका सहरहरू मिलेर बनेको जाबोडेटाबेक क्षेत्रमा करिब चार करोड २० लाख मानिस बसोबास गर्छन् र यस क्षेत्रबाट दैनिक करिब १४ हजार टन फोहोर उत्पादन हुने अनुमान गरिएको छ । करिब ११० हेक्टरभन्दा बढी क्षेत्रफलमा फैलिएको बान्तारगेबाङ डम्पिङ स्थलमा झण्डै पाँच करोड ५० लाख टन फोहोर थुप्रिएको बताइएको छ ।

## माछा मार्ने क्रममा डुबेर एक युवकको मृत्यु



**गुल्मी,** फागुन २५/ माछा मार्ने क्रममा गुल्मीको बडिगाड खोलामा डुबेर एक युवकको मृत्यु भएको छ । मृत्यु हुनेमा मुसिकोट नगरपालिका-१ अरेवा बस्ने २१ वर्षीय दीपजन दर्लामी रहेको जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक गंगाबहादुर सारुले जानकारी दिए ।स्थानीयवासी र सुरक्षाकर्मीहरूको सहयोगमा खोजतलास गर्ने क्रममा सोमबार बिहान मुसिकोट नगरपीलका-१ स्थित उपल्लो राक्से क्षेत्रको बडिगाड खोलाको कोप्चेरा पानीमा डुबेको अवस्थामा दीपजनको शव फेला परेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार दीपजन दर्लामी आफ्नै गाउँका छिमेकी ५६ वर्षीय डम्बर दर्लामीसँग माछा मार्नका लागि जाल बोकेर गएराति बडिगाड खोलातर्फ गएको र उनी घर फर्केपछि स्थानीयवासी र प्रहरीलाई जानकारी गराए थिए । घटनाको जानकारी प्राप्त हुनासाथ प्रहरी चौकी पौदीअमराईबाट प्रहरी नायब निरीक्षक लखनलाल चौधरीको नेतृत्वमा तीन जनाको टोली घटनास्थलमा खटिएको थियो । घटनाबारेमा थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय गुल्मीबाट प्रहरी निरीक्षक सुदीप नेपालीको नेतृत्वमा पाँच जनाको प्राविधिक टोली घटनास्थलतर्फ खटिसकेको सूचना अधिकारी सारुले जानकारी दिए । *-रासस*

## लुम्बिनी प्रदेशका २१ स्थानमा रास्वपाका उम्मेदवार विजयी




**सिद्धार्थनगर** (भैरहवा), फागुन २५/लुम्बिनी प्रदेशका १२ जिल्लामा रहेका प्रतिनिधिसभाका २६ निर्वाचन क्षेत्रमध्ये २१ क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार विजयी भएका छन् । निर्वाचन आयोगका अनुसार नेपाली काँग्रेस र नेकपाले दुई-दुई तथा नेकपा (एमाले) ले एक क्षेत्रमा विजय हासिल गरेका छन् ।

रुपन्देही जिल्लाका पाँचवटै निर्वाचन क्षेत्रमा रास्वपाका उम्मेदवार निर्वाचित भएका छन् । रुपन्देही-१ मा सुनिल लम्साल, रुपन्देही-२ मा सुलभ खरेल, रुपन्देही-३ मा डा लेखजंग थापा, रुपन्देही-४ मा कन्हैया बनियाँ र रुपन्देही-५ मा तौफिक अहमद खान विजयी भएका छन् ।त्यसैगरी पश्चिम नवलपरासी-१ मा पनि रास्वपाकै विक्रम खनाल तथा पश्चिम नवलपरासी-२ मा नरेन्द्रकुमार गुप्ता निर्वाचित भएका छन् । निर्वाचन आयोगले जनाएको छ । कपिलवस्तु-१ मा रास्वपाकै मोहनलाल आचार्य र कपिलवस्तु-२ मा विक्रमसिंह थापा विजयी भएका छन् भने कपिलवस्तु-३ मा नेपाली कांग्रेसका अभिषेक प्रताप शाहले विजय प्राप्त गरे । दाङ-१ मा रास्वपाकै देवराज पाठक, दाङ-२ मा विपीनकुमार आचार्य र दाङ-३ मा कमल सुवेदी निर्वाचित भए । गुल्मी-१ मा पनि रास्वपाकै सागर ढकाल र गुल्मी-२ मा गोविन्द पन्थी विजयी भएका हुन् । रास्वपाकै उम्मेदवार बर्दिया-१ मा ठाकुरसिंह थारु तथा बर्दिया-२ मा श्रीधर पोखरेल निर्वाचित भएको निर्वाचन आयोगले जनाएको छ । रास्वपाकै तर्फबाट बाँके-१ मा सुरेशकुमार चौधरी र बाँके-३ मा खगेन्द्र सुनार विजयी भएका छन् भने बाँके-२ मा नेकपा (एमाले) का मोहम्मद इश्तियाक राईले विजय प्राप्त गरे । त्यसैगरी रुकुम पूर्वमा नेकपाका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' तथा रोल्पामा वर्षमान पुन निर्वाचित भए । प्यूठानमा रास्वपाका सुशान्त बैदिक विजयी प्राप्त गरे । पाल्पा-१ मा नेपाली कांग्रेसका सन्दीप राना तथा पाल्पा-२ मा रास्वपाका माधवबहादुर थापा निर्वाचित भएको मुख्य निर्वाचन अधिकृतको कार्यालय पाल्पाले जनाएको छ । अर्घाखाँचीमा रास्वपाका हरिप्रसाद भुसाल विजयी भएका छन् ।-*रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## अर्थतन्त्रलाई लयमा फर्काउने अवसर

केही वर्षदेखि सुस्त बनेको अर्थतन्त्रको लय अहिले पनि फेरिएको छैन । जेन–जी आन्दोलनपछि झन अर्थतन्त्र सुस्ताउन पुग्यो । जेन–जी आन्दोलनपछि सरकार पुनर्गठन, पदाधिकारी हेरफेर तथा प्राथमिकता निर्धारणमै समय खर्चिनुपर्‍यो, जसले आर्थिक क्षेत्रमा अनिश्चितता थपियो। सबै त्रास, पर्ख र हेरको स्थितिमा रहेरु। बजारमा बिक्री छैन, उधारोमा बेचेको सामानको पैसा उठ्दैन, सटर भाडामा लाग्दैन र लागेको सटरको भाडा आउँदैनरु। आम उपभोक्तादेखि साना व्यवसायी सबै मारमा परेका छन् ।

यसै पनि देशको अस्थिर कर नीति र व्यवसायीलाई सरकार परिवर्तन भएपिच्छे दुःख दिने नीतिले आजित व्यवसायीहरू अझ आन्दोलनपछिको परिस्थिति हेर्दा धेरै लगानीकर्ता पर्ख र हेरको अवस्थामा छन् । नयाँ उद्योग दर्ता, निर्माण, कृषि, पर्यटन र प्रविधि क्षेत्रमा लगानी घट्ने संकेत देखिएको छ । कुनै पनि मुलुकमा राजनीतिक परिवर्तन र विरोध आन्दोलन भएपछि लगानी प्रतिष्ठानहरूले जोखिम मूल्यांकन दोब्बर गर्छन्, नेपाली अर्थतन्त्रले पनि यस्तै प्रभाव भोग्यो र भोग्दै छ । नेपालको जोखिम मूल्याङ्कन सुधार नहुनु यसको प्रमुख कारण बन्न पुग्यो।

सेवा क्षेत्र विस्तार हुँदै जाँदा कृषि र उद्योग क्षेत्रको योगदान क्रमशः खुम्चिँदै गएको देखिन्छ, जसले अर्थतन्त्रको संरचनागत असन्तुलनलाई झन् स्पष्ट बनाएको छ । तरलता प्रशस्त भए पनि कर्जा विस्तार सुस्त रहेको तथ्यले आर्थिक गतिविधिमा निजी क्षेत्रको उत्साह अझै फर्किन नसकेको संकेत गर्छ । बैंकिङ प्रणालीमा हालसम्मकै उच्च तरलता देखिएको छ । ब्याजदर दुई दशकयताकै न्यूनस्तरमा झरेको छ । तर ब्याजदर ऐतिहासिक रूपमा कम भए पनि निजी क्षेत्रमा कर्जा प्रवाह अपेक्षित रूपमा बढ्न सकेको छैन ।सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को ४३.७ प्रतिशत पुगेको छ । यसले सरकारसँग उत्पादकत्व र रोजगारी अभिवृद्धि गर्ने क्षेत्रमा खर्च बढाउन अझै 'फिस्कल स्पेस' बाँकी रहेको संकेत गर्छ । अहिले निजी क्षेत्र पर्ख र हेरको अवस्थामा छ । राजनीतिक स्थिरता हुने देखियो भने कर्जाको माग ह्वात्तै बढ्नेछ । बैंकिङ प्रणालीमा पनि पर्याप्त तरलता छ । यो सबै तरलता प्रयोग भए अर्थतन्त्र चलायमान हुन धेरै समय लाग्नेछैन । यस्तोमा लगानी बढ्न सके छोटो समयमै त्यसको नतिजा देखिन्छ । जटिलपूर्ण अर्थतन्त्रका बीच भर्खरै आम निर्वाचन सम्पन्न भएको छ । अब बन्ने नयाँ सरकारले लगत्तै बजेट निर्माणको तयारी गर्नुपर्ने अवस्था छ । साथै सार्वजनिक खर्चको गति तथा संरचनागत सुधारको निरन्तरताको पनि आवश्यकता छ । तसर्थ सुस्त अर्थतन्त्रलाई चलाउन बनाउन अब बन्ने सरकारको कदमले नै आगामी आर्थिक दिशा निर्धारण गर्ने हुँदा सतर्कताका साथ अगाडि बढ्नुपर्ने देखिएको छ ।

## Opinion @ Social Network

अरुले साथ दिन्छ भनेर आश गर्नु मनको भ्रम मात्र हो, आफूलाई आफूले भन्दा राम्रो साथ कसैले दिन सक्दैन् ।

*(सुनिल परियारको फेसबुक स्टाटसबाट www.facebook.com/sunil. pariyar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# गगनमाथि खनिएकाहरूलाई निर्मम प्रश्न



जितेन्द्र जिसी

फ्रान्सेली दार्शनिक अल्बर्ट कामुले आफ्नो निबन्ध 'द रिबेल' मा लेखेका छन् "विद्रोह अत्याचार र अन्यायपूर्ण व्यवस्थाविरुद्धको मानवीय गरिमाको खोजी हो। विद्रोहले व्यक्तिगत असहमति मात्र प्रकट गर्दैन, यसले त सामूहिक अस्तित्व र चेतनाको निर्माण पनि गर्छ ।" राजनीतिमा विद्रोहलाई सधैं शक्तिको अन्तिम र सबैभन्दा पवित्र स्रोत मानिन्छ। नेपालको समकालीन राजनीतिमा, विशेषगरी नेपाली कांग्रेसको वृत्तमा, गगन थापाको छवि यस्तै एउटा अविचलित विद्रोहीको बनेको छ । उनले पार्टीभित्रको जरा गाडेर बसेको सत्ता र राज्यको अकर्मण्यताविरुद्ध सधैं प्रश्न गरिरहे । उनले केवल प्रश्न मात्रै सोधेनन्, विचार मन्थनबाट जवाफ खोजे, समय र परिस्थितिलाई जवाफ दिए, र आज पार्टी र सिङ्गो गगनमाथि खनिएकाहरूलाई निर्मम प्रश्न । देशलाई 'समाधान' दिने ऐतिहासिक र जोखिमपूर्ण स्थानमा आफूलाई उभ्याएका छन् । तर, भर्खरै सम्पन्न मध्यावधि निर्वाचनको नतिजाले एउटा अर्कै कथा भनिरहेको छ । अन्तिम नतिजा आउन बाँकी नै रहँदा पनि प्रारम्भिक रुझान र गणनाले नेपाली कांग्रेसले अनपेक्षित हार बेहोरेको स्पष्ट निचोड दिइसकेका छन् । लोकतन्त्रमा हारजित स्वाभाविक प्रक्रिया हो, तर यो अनपेक्षित हारलगत्तै कांग्रेसभित्रैका केही मानिसहरूले, जो हिजो घाम तापेर बसेका थिए, आज सामाजिक सञ्जाललगायतका मञ्चहरूबाट गगन थापामाथि सम्पूर्ण दोष थोपर्दै धारे हात लगाउन थालेका छन् । यो केवल गलत मात्र होइन, यो नेपाली कांग्रेसलाई सधैंभरि 'जिउँदा लासहरूको झुण्ड' बनाइराख्ने दुराशयपूर्ण षड्यन्त्रको एउटा निरन्तरता हो । आज पानी धमिलो पारेर माछा मार्न खोज्नेहरूलाई ऐना देखाउन र कांग्रेसको वास्तविक धरातलीय यथार्थको निर्मम शल्यक्रिया गर्न यो आलेख तयार पारिएको छ ।

**हारको बिउ: आजको गगन कि २०५० सालदेखी को नेतृत्व ?** :आज गगन थापालाई हारको अपजस दिनेहरूले इतिहासको पाना पल्टाएर हेर्ने साहस गरून्। आजको चुनावी नतिजा गगन थापाले हिजो गरेका एक–दुईवटा निर्णयको प्रतिफल हुँदै होइन, यो त वि.सं. २०५०–०५१ सालदेखि नेपाली कांग्रेसको परम्परागत नेतृत्वले रोपेको अहंकार, गुटबन्दी र वैचारिक स्खलनको विषालु बिउ हुर्किएर बनेको रूखको तीतो फल हो । पार्टीलाई वैचारिक रूपमा खोक्रो बनाउने, कार्यकर्तालाई रैती र दास बनाउने, र सत्ता स्वार्थका लागि जोसँग पनि सम्झौता गर्ने प्रवृत्ति कसले सुरु गर्‍यो? गगनले त भत्किसकेको, मक्किसकेको र धमिराले खाइसकेको घरलाई टेको दिएर उभ्याउने प्रयास गरेका हुन्।आजको हारको पछाडी तीन दशकदेखि थुप्रिएको फोहोर जिम्मेवार छ, न कि त्यो फोहोर सफा गर्न कुचो बोकेर निस्किएको व्यक्ति। जस जसले गगन दोषी देख्छ आज, सबै आफ्नो चस्मा बदल्न जानै पर्दछ ।**टिकट वितरण र देउवा कोटरीको अनुहार** :गगन थापामाथि सबैभन्दा ठूलो आक्रोश टिकट वितरणलाई लिएर पोखिएको छ। गगनलाई गाली गर्नेहरूले एकपटक छातीमा हात राखेर सोचून यदि गगनले हस्तक्षेप नगरेको भए र सभापति शेरबहादुर देउवाको 'कोटरी' (घेरा) ले मात्र आफ्ना खल्तीका मानिसलाई टिकट बाँडेको भए नतिजा के हुन्थ्यो ? हिजोका दिनमा ती कोटरीले अघि सारेका अनुहार (आज को काँग्रेसको यो हालत बनाउने), उनीहरूको अलोकप्रियता र समाजमा उनीहरूको छवि सम्झेर मात्र पनि सहजै अनुमान गर्न सकिन्छ कि, अवस्था योभन्दा कैयौं गुणा दर्दनाक हुने थियो।सामान्य कामकोलागिपनि 'भाउजुलाई भेटी नचढाई दर्शन नपाउने' कांग्रेसको परम्परागत संस्कारलाई तोडेर यसपटक टिकट वितरणमा जुन 'क्रिस्टल क्लियर' र पारदर्शी व्यवहार गगनको नेतृत्वमा गरियो, त्यसले कम्तीमा पार्टीको साख सडकमा लिलाम हुनबाट जोगायो। यदि त्यो हस्तक्षेप नभएको भए, आज कांग्रेस एक–दुई सिटमा खुम्चिएर इतिहासको पानामा सीमित हुने थियो।**विशेष महाधिवेशन र चुकेको अभिभावकत्व**:विशेष महाधिवेशनलाई लिएर गगन र विश्वप्रकाश शर्मामाथि जुन लाञ्छना लगाइँदै छ, त्यो झनै हास्यास्पद छ। त्यहाँ उपस्थित हजारौं प्रतिनिधिहरूलाई कसैले दाम्लोले बाँधेर वा 'भात र भत्ता'को प्रलोभन देखाएर तानेर ल्याएको थिएन।उनीहरू पार्टीभित्रका गलत क्रियाकलाप, स्वेच्छाचारी गतिबिधि र लोकतन्त्रविरोधी प्रक्रिया रोक्न, अनि पार्टीको जीवन जीवित राख्न स्वस्फूर्त भेला भएका सचेत कांग्रेस सदस्यहरू थिए। यदि त्यो विशेष महाधिवेशनको ऊर्जा सञ्चार नभएको भए, कांग्रेस सधैंका लागि दासहरूको बथान हुन्थ्यो र आज कांग्रेसका कार्यकर्ताले कम्युनिस्टलाई मत दिएर बस्नुपर्ने बाध्यता हुन्थ्यो।त्यो घडीमा सभापति देउवा वा उनका उत्तराधिकारीहरूले एउटा अभिभावकको रूपमा त्यहाँ गएर सम्बोधन मात्र गरिदिएको भए वा सल्लाह दिएको भए स्थिति अर्कै हुन्थ्यो। तर, कांग्रेसभित्रका 'तरमारा' र 'भातमारा' हरूले देउवालाई त्यहाँ जान रोके, महामन्त्रीद्वयलाई भेट्नसमेत दिएनन्। हिजो पार्टीको आन्तरिक लोकतन्त्रलाई बन्धक बनाउने तिनै स्वार्थी तत्त्वहरू आज नतिजा बिग्रिएपछि रोएर केही हुँदैन। **गठबन्धनको रोइलो र सिद्धान्तको विजय** :"एमालेसँग गठबन्धन गरेन, त्यसैले हारियो" भनेर रुनु राजनीतिक दरिद्रताको पराकाष्ठा हो । हिजोका दिनमा गठबन्धन गर्दाका तीता अनुभूतिहरू, कार्यकर्ताले भोगेको मानसिक प्रताडना र पार्टीको विचारमै लागेको खियालाई सम्बोधन गर्दै, सत्ता र स्वार्थको अपवित्र गठबन्धनभन्दा गगनले जुन 'हार' को बाटो रोजे, त्यो लोकतान्त्रिक इतिहासमा एउटा 'पूजनीय कार्य' हो। गठबन्धन गरेन भनेर रोइलो गर्नेहरूले बुझ्नुपर्छ रास्वपाको यो लहर र भिडतन्त्रको हुरीमा उनीहरू गठबन्धन गरे पनि हराउने नै थिए। जस–जसलाई गठबन्धन चाहिएको थियो, ती मानिसहरूले आफ्नो चुनाव क्षेत्रमा अर्को दलको मत जोडेर हेरून् र मन बुझाऊन्, सायद त्यसले उनीहरूको मानसिक तनाव कम होला । कांग्रेसले कांग्रेसलाई मत नदिएर अन्यत्र दिँदै कांग्रेस भइरहनु भन्दा बाटो लाग्नु नै श्रेयस्कर छ।**'स्वर्णिम वाग्ले पथ' र लोभीपापीको बहिर्गमन** :

चुनावपछि फेरि एउटा पुरानो समूह सलबलाएको छ–'स्वर्णिम वाग्ले मार्का'। यो त्यस्तो समूह हो जो पद र अवसर पाउँदा रमाउँछ, सट्टमा जिम्मेवारी निभाउनुपर्दा तिघ्रा कमाउँछ, र अलिकति स्वार्थ नमिल्दा भरिलो हाँगो खोज्दै अर्कै रुखमा भ्यागुतोझैं उफ्रिन्छ। अब कांग्रेस रिफर्मको अर्को निर्मम सेगमेन्ट भनेकै यस्ता लोभीपापी झुण्डहरूलाई पर्गेल्ने हो । स्व. किशुनजीको पालादेखि खाइपाइ आएकाहरूदेखि, देउवा र स्वयम् गगनकै नामसमेत दुरुपयोग गरेर खाने अनि हारपछि उनैलाई औंला ठड्याउनेहरूको बहिर्गमन अब पार्टीकालागि अनिवार्य सर्त हो। दल सानो होस्, तर पार्टीलाई भित्रभित्रै खोक्रो बनाउने जुकाहरू सकिनुपर्छ।विदेशतिर सामान्य 'राइड सेयरिङ एप' ले त चालक मात्र होइन कस्टमर कस्तो छ भनेर रेटिङ राख्छ। अब राजनीतिक दलहरूलेपनि पार्टीको नाम बेचेर खाने र दल बदल गर्नेहरूको 'ट्र्याक रेकर्ड' राख्न जरुरी छ, ताकि जो जतागए पनि उनीहरूको हैसियत र भूमिकाको मूल्यांकन सही रूपमा हुन सकोस्। पद नपाउँदा निस्किने 'स्वर्णिम वाग्ले पथ' मा हिँड्न कसैलाई रोकिएको छैन्। नेतृत्व गर्ने दम भए महाधिवेशनमा भिड्न आउने हो, सञ्जालमा गगनलाई गाली गरेर आफ्नो अनुहार कुरूप पार्ने होइन। **भ्रातृ संगठन र शुभेच्छुक संस्थालाई सिधा प्रश्न:** केही निम्छराहरू अचेल देउवालाई देउता देख्छन् र गगनलाई निकृष्ट। हिजो चुनावको संग्राम चलिरहँदा यी मानिसहरू कता थिए ? यत्रो चुनावमा न नेविसंघ मैदानमा देखियो, न तरुण दल। सभापति बुटवल पुग्दा तरुण दलका ५–७ वटा क्याप देखिएका थिए, अन्यत्र कहाँ थियो पार्टीको पङ्क्ति ? नेविसंघका अध्यक्षको फेसबुक स्टाटस देखियो, उनलाई सिधा प्रश्न छ–"भाइ, तिमी चुनावभरि कतिवटा क्षेत्रमा गयौ ? कति कार्यकर्ता परिचालन गर्यौं ? कति मतदाता कन्भिन्स गर्यौं र अहिले प्रश्न गर्दैछौ?" यही प्रश्न कांग्रेसका अन्य भ्रातृ संगठन, शुभेच्छुक संस्था र विभाग प्रमुखहरूलाई पनि हो। ख्वै तपाईंहरू सञ्चै त हुनुहुन्छ ?कतिपयको स्टाटस देखिन्छ, "गगनको जति लगानी मेरो पनि छ।" छ भने आज सञ्जालमा हुइँया गर्ने होइन, पार्टीको परिधिभित्र रहेर प्रतिस्पर्धा गर्ने हो। 'जेठाजुको बञ्चरो लाग्ने भएर धेरै दाउरा काटेको' भन्ने भनाइजस्तो हुँदैन। कांग्रेसले कांग्रेसको प्रचार गर्न नहिँड्ने अनि हारको औंला अरूतर्फ फर्काएर चोखिन मिल्दैन।

**भदौ २३ को मौनता र सामाजिक सञ्जालका 'क्रान्तिकारी'हरू :** गगनलाई प्रश्न गर्न प्रयोग हुने सञ्जाल र औंलाहरू त्यतिबेला किन काँपेका थिए, जब भदौ २३ मा आन्दोलनकारी मार्नेहरू कांग्रेस र एमाले हुन् भन्ने नियोजित आरोप लगाइएको थियो ? देश जलाउने र देश जलाउनेलाई जोगाउने सुशीला सरकारको विरुद्धमा बोल्न यी सञ्जालका क्रान्तिकारीहरूको सातो किन गयो ? कार्की आयोगको रिपोर्ट सार्वजनिक गर्न चुनावको नतिजा पर्खिने षड्यन्त्रकारीहरूको भण्डाफोर गर्न किन कलम चलेन ?अनि आज हारको अपजस गगनलाई दिन तयार बसेकाहरूले, यो दुर्दिन आउँछ भनेर हिजो आफ्ना 'देउता' (नेतृत्व) लाई सचेत गराउन किन सकेनन् ? तसर्थ, धमिलो पानीमा माछा मार्न छोडौं। पानी सङ्लिन दिऊँ, अनि ऐनामा आफ्नो अनुहार हेरौं। जवाफ आफैं आउनेछ। नैतिकता सञ्जालमा नसिकाऔं, सही समयमा सही समाचार आउनेछ।**हारबाट उठ्ने संकल्प र झुट्टा बाचापत्रको चिरफार :** इतिहासमा एउटा चुनाव हार्दैमा सिद्धान्त र विचार मर्छ भन्ने हुँदैन। बेलायती प्रधानमन्त्री विन्स्टन चर्चिलले दोस्रो विश्वयुद्ध जितेर पनि लगत्तैको सन् १९४५ को निर्वाचन हारेका थिए । तर, उनी भागेनन्, पार्टीलाई रिफर्म गरे र सन् १९५१ मा पुनः उदाएर बेलायतलाई समृद्धिको बाटोमा डोर्‍याए। अब्राहम लिंकनले जीवनमा थुप्रै चुनाव हारे, तर अन्ततः अमेरिकालाई दासत्वबाट मुक्त गरे। सुप्रसिद्ध नाटककार स्यामुएल बेकेटले भनेका छन् "प्रयास गर्‍यौ । असफल भयौं । केही छैन । फेरि प्रयास गर । फेरि असफल होऊ । तर यसपटक अझ राम्रोसँग असफल होऊ ।" गगनको यो हार, सिद्धान्त विहीन जितभन्दा कैयौं गुणा सुन्दर र अर्थपूर्ण हार हो । यो हारले नेपाली कांग्रेसभित्रका सबै अँध्यारा र काला कलुषित मनोकांक्षाहरूलाई किनारा लगाउँदै 'कांग्रेस रिफर्म' गगनबाटै मात्र सम्भव छ भन्ने बलियो र निर्विकल्प सन्देश दिएको छ । आज जसले चुनाव जितेका छन् वा जित्दैछन्, उनीहरूका बाचापत्र हरू एकपटक हेरौं । ती बाचापत्रहरू आर्थिक, भौतिक र कूटनीतिक दृष्टिकोणले पूर्ण रूपमा असम्भव र हावामा उडाइएका बेलुनहरू हुन् ।प्रतिव्यक्ति आय ५ वर्षमा ३००० डलर पुर्‍याउने गफ: नेपालको वर्तमान आर्थिक वृद्धिदर र उत्पादनको आधारभूत संरचना नबदलीकन यो सम्भव नै छैन् । १०० बिलियन डलरको अर्थतन्त्र औद्योगिकीकरणको शून्य धरातलमा उभिएर यो गफ दिनु जनतालाई दिउँसै सपना देखाउनु हो । विदेशी ऋण मिनाहा र अनुदानको खोलो बगाउने झुट्टो दाबी : भूराजनीतिको सामान्य ज्ञानसमेत नभएकाहरूको यो 'स्टन्ट' कूटनीतिक रूपमा आत्मघाती छ । तत्काल लाखौं रोजगारी सिर्जना: राज्यको ढुकुटी रित्तो भएको बेला निजी क्षेत्रलाई समुचित गरेर रोजगारी दिने कुरा हास्यास्पद छ । जब यी झुट्टा र भ्रामक बाचाहरूका बेलुनहरू एक–दुई वर्षमै फुट्नेछन्, जब जनताको पपुलिस्ट मोह भङ्ग हुनेछ र देश झनै गहिरो आर्थिक र सामाजिक संकटमा फस्नेछ, तब यो देशको जिम्मा लिने र सम्हाल्ने शक्ति भनेको अन्ततः नेपाली कांग्रेस नै हो,र पार लगाउने गगन र उनकै "टीम नेपाल" हो, स्विकार्न असजिलो भए पाचक खान पाइन्छ ।त्यसकारण, यो बेला सञ्जालमा रोएर बस्ने, आफ्नै अनुहारमा मसी छर्किने वा भागबन्डा नपाएर रुने बेला होइन । बिग्रहका यी 'तुष उत्पादन केन्द्रहरू' अब बिस्तारै अन्त्यतिर लाग्दा कांग्रेस र देशलाई अलि सञ्चो हुनेछ। अबको तयारी भनेको नागरिक र राज्यप्रतिको दायित्वमा खरो उत्रने 'बदलिएको कांग्रेस' निर्माण गर्ने हो।सबै 'अड एन्ड इभन' परिस्थितिमा पार्टीमा अडिएर, जिउँदाहरूको र जीवित विचारको चलायमान दल बनाउने नेता यदि अरू कोही थिए भने, गगन आउँदा त्यो स्थान खाली नै थियो।विद्रोहको आगोबाट खारिएर निस्किएको सुन कहिल्यै पुरानो हुँदैन। गगन थापाको निर्णय हिजो पनि सही थियो, आज पनि सही छ र भोलिको समृद्ध नेपाल निर्माणको जग पनि त्यही निर्णयले बसाल्नेछ। 'तरमारा' र 'भातमारा' हरूबाट कांग्रेस अझै बच्नुपर्नेछ। जसलाई यो विचार र संघर्षको बाटो कठिन लाग्छ, उनीहरूलाई ससम्मान 'स्वर्णिम वाग्ले पथ' अँगाल्न विनम्र सुझाव छ। बाँकी रहेका सचेत कांग्रेसीहरूले अब आउँदो दिनको त्यो ऐतिहासिक जिम्मेवारीका लागि आफूलाई तयार राख्नुपर्छ।तसर्थ गगनलाई हार्ने छुट नै छैन, थकाइ मार्ने छुट छैन, गिरिजा प्रसाद देखी शेर बहादुर सम्मले कारबाही गरेर नलत्रीएको गगन सञ्जालमा कोही रुदैमा कमजोर हुँदैन । कति 'विज्ञहरु'लाई सुझाब सुनिएन भन्ने लागेको समेत देखियो, सञ्जालमा रुने न 'विज्ञ' हुन्छ, न ती 'पधेर्नी' कुरा कसैले सुन्छ । तसर्थ आफैबाट सुधार गरेर बदलिएर पार्टिमा आउन अनुरोध छ ।- **डिसी नेपाल**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१–५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१–५४१२३३
- भैरहवा ०७१–५२०११९
- अर्घाखाँची ०७७–५२११९९
- गुल्मी ०७९–५२०११९
- परासी ०७८–५२०११९
- तौलिहवा ०७६–५६००९९
- पाल्पा ०७५–५२०५३६, ५२०११९
- इप्रका रामपुर ०७५–६११५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१–५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
- पिचन्द्र परासी ०७८–५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
- बुटवल हस्पितल ०७१–५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१–५४४६००
- लियो क्लब अफ बुटवल ०७१–५४५८९३
- रेडक्रस भैरहवा०७१–५२०२६३
- रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
- परासी ०७८–५२०१२५
- रेडक्रस पाल्पा ०७५–५२०६००
- रेडक्रस तौलिहवा ०७६–५६००१५
- रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९–५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६–६९०१०२
- रेडक्रस देवदह ०७१–५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : ऊर्जा र उत्साहमा वृद्धी हुनेछ । काममा नयाँ अवसर प्राप्त हुने छ । | **तुला** : सम्बन्धमा मधुरता बढ्ने छ । सानो प्रयासले राम्रो परिणाम दिनेछ। |
| **वृष** : प्रगति देखिने छ । परिवारसँग समय बिताउने अवसर मिल्न सक्छ। | **वृश्चिक** : परिश्रमको राम्रो फल प्राप्त हुनेछ । काममा सफलता मिल्ने छ । |
| **मिथुन** :नयाँ योजना बनाउन अनुकूल समय छ।बोलचालमा सावधानी अपनाउनु होला । | **धनु** : भाग्यको भरपूर साथ मिल्नेछ। यात्राको अवसर मिल्न सक्छ। |
| **कर्कट** :कुनै कुरालाई लिएर मन प्रसन्न र हुनेछ । परिवारमा खुशी छाउने छ । | **मकर** : जिम्मेवारी बढ्नेछ । मेहनतले परिणाम दिलाउन सक्छ |
| **सिंह** : मनोबलमा वृद्धी हुनेछ नेतृत्व क्षमता देखाउने अवसर मिल्नेछ। | **कुम्भ** : नयाँ योजना बनाउन सकिनेछ। साथीभाइसँग सहकार्य बढ्नेछ। |
| **कन्या** : आज काममा व्यस्तता बढ्न सक्छ। धैर्य र मेहनतले सफलता दिलाउनेछ। | **मीन** : मन शान्त रहने छ ।परिवार सँग समय बिताउने अवसर मिल्नेछ। |

# विज्ञान/सूचना प्रविधि

## 'युरोप अब विश्वको सबैभन्दा ठूलो हतियार आपूर्तिकर्ता'



युरोप विश्वको सबैभन्दा ठूलो हतियार आयातकर्ता बनेको थिङ्क ट्याङ्कले देखाएको छ । रुसको धम्की र अमेरिकी सुरक्षा प्रतिबद्धताहरूमा विश्वास घट्दै जाँदा सरकारहरूले प्रतिक्रिया जनाएका कारण युरोप विगत पाँच वर्षमा विश्वको सबैभन्दा ठूलो हतियार आयातकर्ता बनेको स्टकहोम इन्टरनेशनल पिस रिचर्स इन्स्टिच्युट (एसआईपीआरई) को तथ्याङ्कलाई उद्धृत गर्दै समाचार संस्था रोयटर्सले जनाएको छ ।

रुसी आक्रमणबाट बच्न र दशकौंको लगानीको कमीपछि आफ्नै सेना पुनर्निर्माण गर्न युरोपेली देशहरूले युक्रेनलाई आपूर्ति गर्न सन् २०२१ देखि २०२५ मा २०१६ देखि २०२० को तुलनामा तेब्बरले हतियार आयात गरेका छन् । युरोपेली राज्यहरूमा हतियार प्रवाहमा तीव्र वृद्धिले विश्वव्यापी हतियार स्थानान्तरण झन्डै १० प्रतिशतले बढेको एसआईपीआरआईको हतियार स्थानान्तरण कार्यक्रमका निर्देशक म्याथ्यू जर्जले भने । विश्वव्यापी हतियार आयातको ३३ प्रतिशत हिस्सा युरोपले ओगटेको प्रतिवेदनले देखाएको छ जुन अघिल्लो पाँच वर्षको अवधिमा १२ प्रतिशत थियो । घरेलु उत्पादन बढाए पनि युरोपेली देशहरूले अमेरिकी हतियारहरू ( विशेषगरी लडाकु विमान र लामो दूरीको हवाई)रक्षा प्रणालीहरूको खरिदलाई निरन्तरता दिएका छन् । यस्तै मध्यपूर्वी देशहरूबाट हतियार आयात १३ प्रतिशतले घटेको छ, यद्यपि साउदी अरेबिया र कतार शीर्ष खरिदारहरूमध्ये रहेका छन् । यसैबीच आपूर्तिकर्ताको सन्दर्भमा अमेरिकाले हतियार निर्यात बजारमा आफ्नो विश्वव्यापी हिस्सा ३६ प्रतिशतबाट बढाएर ४२ प्रतिशत पुऱ्याएको छ । यस्तै फ्रान्स विश्वव्यापी निर्यातको ९ दशमलव ८ प्रतिशतसहित दोस्रो ठूलो आपूर्तिकर्ता बन्दा सन् २०२२ मा युक्रेनमा आक्रमण गरेपछि रुसको हिस्सा २१ प्रतिशतबाट घटेर ६ दशमलव ८ प्रतिशतमा झरेको छ । *-उज्यालो अनलाइन*

## विश्वका ठूला ओटीटी 'एचबीओ' र 'प्यारामाउन्ट प्लस' गाभिए




अब कुरा केवल टिभीको होइन, एचबीओ र प्यारामाउन्ट प्लसको पनि हो । वार्नर ब्रदर्स डिस्कभरीलाई खरिद प्रतिस्पर्धामा जितेपछि भएको पहिलो लगानीकर्ता बैठकमा परमाउन्टका सीईओ डेभिड एलिसनले मर्जरपछि प्यारामाउन्ट प्लस र एचबीओ म्याक्सलाई एउटै स्ट्रिमिङ प्लेटफर्ममा गाभिने जानकारी दिएका छन् ।

सोमबार बिहान उनले भने, 'आगामी वर्षहरूमा हामी दुवै कम्पनीका स्ट्रिमिङ पोर्टफोलियोलाई एउटै बलियो प्लेटफर्ममा रूपान्तरण गर्नेछौं । अहिले यी दुई प्लेटफर्ममार्फत विश्वका १०० भन्दा बढी देश र क्षेत्रमा २० करोडभन्दा बढी प्रत्यक्ष ग्राहक (डीटीएस सब्स्क्राइबर) छन् ।' यो संयोजन स्ट्रिमिङ प्रतिस्पर्धाको इतिहासमै सबैभन्दा ठूलो एकीकरणमध्ये एक मानिएको छ ।२० करोडको यो संख्या संयुक्त सेवा सुरु भएपछि घट्न सक्ने अनुमान छ, किनकि दुवै प्लेटफर्मका धेरै ग्राहक एउटै हुन सक्छन् ।परमाउन्टले चौथो त्रैमासिकको अन्त्यसम्म ७८.९ मिलियन प्रत्यक्ष ग्राहक रहेको जनाएको छ भने वार्नर ब्रदर्स डिस्कभरीसँग १३१.६ मिलियन सब्स्क्राइबर छन्।सन्दर्भका लागि, जब वार्नर ब्रदर्स डिस्कभरी र नेटफ्लिक्सबीच मर्जर वार्ता भइरहेको थियो, नेटफ्लिक्सका सह-सीईओ टेड सरान्डोसले कानून निर्मातासमक्ष ८० प्रतिशत एचबीओ म्याक्सका ग्राहकसँग नेटफ्लिक्स पनि रहेको बताएका थिए । नेटफ्लिक्सले हालै आफ्नो ग्राहक संख्या ३२५ मिलियन नाघेको जानकारी दिएको छ । यदि एचबीओ म्याक्स र प्यारामाउन्ट प्लस एकीकृत भए, भने दुवै कम्पनीका लोकप्रिय फ्रेन्चाइज एउटै प्लेटफर्ममा आउनेछन् । एचबीओका 'ग्रेम अफ थ्रोन्स' र 'द सोप्रानोज' देखि परमाउन्टका 'यल्लो स्टोन' र 'स्टार ट्रेक सम्मका चर्चित शीर्षक एउटै छातामुनि रहनेछन् । नयाँ संयुक्त स्ट्रिमरको नामबारे एलिसनले केही संकेत दिएका छैनन् । तर यसले वार्नर ब्रदर्सको स्ट्रिमङ सेवामा फेरि एकपटक रिब्रान्डिङ हुनसक्ने सम्भावना छ । उल्लेखनीय छ, यही गर्मीमा मात्रै 'म्याक्स' नाममा दुई वर्ष बिताएपछि सेवा फेरि 'एचबीओ म्याक्स' मा फर्काइएको थियो । त्यसअघि 'एचबीओ नाउ' र पहिलो संस्करण 'एचबीओ म्याक्स' का का रूपमा पनि परिचित थियो ।विलय प्रक्रियाको एक भागका रूपमा परमाउन्टले हाल डब्ल्युबीडीको स्वामित्वमा रहेको सीएनएन पनि अधिग्रहण गर्नेछ । सोमबारको बैठकमा एलिसनले विश्लेषकलाई केबलसम्बन्धी सम्पत्ति बिक्री गर्ने कुनै योजना अहिले नभएको स्पष्ट पारेका छन्, अर्थात् कम्पनीले केबल सम्पत्ति बेच्ने तयारी गरेको छैन ।

*- अनलाईन खबर डटकम*

## केटीजस्तै देखिने एआई रोबोट 'मोया'



चीनको सांघाईमा सार्वजनिक गरिएको 'मोया' नामको नयाँ रोबोट यतिबेला चर्चामा छ । कारण केवल यो हिँडडुल गर्न सक्ने रोबोट हुनु मात्र नभइ मानिसजस्तै देखिने र व्यवहार गर्ने गरी विकास गरिएको हो । पहिलो नजरमै यो मेसिनभन्दा बढी मानवीय पुतलाजस्तै देखिन्छ । आँखाको चाल, टाउको हल्लाउने तरिका र हल्का मुस्कानजस्ता गतिविधिले यसलाई अन्य रोबोटभन्दा फरक बनाएको छ ।मोयालाई अगाडि उभिएको व्यक्तिलाई यो मेसिन जस्तो महसुस नहोस् भन्ने गरी डिजाइन गरिएको छ । यसको छालालाई हल्का न्यानो बनाइएको छ, जसले छुँदा मानवीय अनुभूति दिन्छ । कसैले नजिक उभिएर कुरा गरेपछि रोबोटले आँखामा आँखा मिलाउँछ र अगाडि रहेको व्यक्तितर्फ ध्यान दिन्छ ।

यिनै साना-साना व्यवहारले मानिसहरूलाई अचम्मित बनाइरहेका छन् । सामान्यतया रोबोटमा यस्तो व्यवहार देखिँदैन । यस रोबोटभित्र क्यामेरा र सेन्सर जडान गरिएको छ । यसले अगाडि रहेको व्यक्तिको अनुहार र हाउभाउ पहिचान गर्छ । यही कारण यसलाई बायोमेट्रिक-आधारित रोबोटसमेत भनिँदै आएको छ । सेन्सरमार्फत प्राप्त सूचनालाई एआई प्रणालीले प्रशोधन गरेर रोबोटका आँखा, अनुहार र शरीरको चाल निर्धारण गर्छ ।बाहिरबाट हेर्दा यी सबै गतिविधि स्वाभाविक देखिए पनि वास्तवमा यो पहिल्यै सेट गरिएका ढाँचाअनुसार सञ्चालन हुन्छ । रोबोटले आफैँ केही महसुस गर्दैन, डाटाका आधारमा मात्र प्रतिक्रिया जनाउँछ ।

यस्तै मानवीय व्यवहारकै कारण नयाँ बहस सुरु भएको छ । धेरैले यसलाई ज्येष्ठ नागरिकको हेरचाह, अस्पताल वा ग्राहक सेवाजस्ता क्षेत्रमा उपयोगी हुन सक्ने बताएका छन् । त्यस्ता ठाउँमा मेसिन मानिसजस्तै देखियो भने सेवाग्राहीलाई सहज महसुस हुन सक्छ । रोबोट पार्टनर वा कम्प्यानियन ? तर सामाजिक सञ्जालमा केहीले यसलाई कम्प्यानियन रोबोटको रूपमा हेर्न थालेका छन् । रोबोटको छाला न्यानो हुनु र मानिसझैं हेर्नु तथा प्रतिक्रिया दिनुले अपनत्वको अनुभूति दिलाउन सक्छ । के हामी मेसिनसँग भावनात्मक सम्बन्ध गाँस्ने दिशातर्फ बढिरहेका छौँ भन्ने प्रश्न उठेको छ । प्रविधिको दृष्टिले हेर्दा मोया अझै मानवीय सोचको नजिक पुगेको छैन । यसले अनुहारको हाउभाउ र आवाजको टोन पहिचान गर्न सक्छ । तर सन्दर्भ र भावनालाई गहिरो रूपमा बुझ्नु मेसिनका लागि अझै चुनौतीपूर्ण छ ।कसैको उदासी, रिस वा खुशी केवल अनुहार हेरेर बुझ्नु सजिलो हुँदैन । त्यसैले यस्ता रोबोटहरू हाल सीमित अवस्थामै प्रभावकारी रूपमा काम गर्न सक्छन् ।यस किसिमका ह्युमानोइड रोबोटहरू सामान्य घरघरमा पुग्नु अहिलेको अवस्थामा टाढाको कुरा हो । यस्ता रोबोट निर्माण महँगो पर्छ । यसका लागि विशेष हार्डवेयर, सेन्सर र एआई प्रणाली आवश्यक पर्छ ।सुरुमा यिनको प्रयोग अनुसन्धान, अस्पताल वा विशेष सेवा क्षेत्रमा बढी देखिन सक्छ । प्रविधि क्रमश: सस्तो बन्दै गएपछि मात्र सर्वसाधारणसम्म पुग्ने अपेक्षा गर्न सकिन्छ ।मोयाजस्ता मेसिनहरूले रोबोटिक्स अब कारखाना र गोदाममा मात्र सीमित नरहेको स्पष्ट देखाउँछन् । मेसिनहरू अब मानवीय स्थानमा प्रवेश गरिरहेका छन् । यो परिवर्तन ठूलो हो, तर यससँगै धेरै प्रश्न पनि जोडिएका छन् । के मानिसजस्तै देखिने मेसिनले हाम्रो जीवन सहज बनाउनेछ ? वा हामी प्रविधिलाई त्यस्तो दिशामा लैजाँदैछौं जहाँ मानवीय सम्बन्धको स्थान मेसिनले लिन थाल्नेछ ? यस विषयमा बहस भने अहिले मात्रै सुरु भएको छ । - *एजेन्सी*

## क्यामेरा बाहिर निकाल्न मिल्ने स्मार्टफोन



मोबाइल प्रविधिको सबैभन्दा ठूलो प्रदर्शनी मोबाइल वर्ल्ड कंग्रेस २०२६ का क्रममा यसपटक स्मार्टफोन उद्योगमा अनौठो आविष्कार देखिने भएको छ । उक्त प्रदर्शनीमै चिनियाँ प्रविधि कम्पनी युलेफोनले आफ्नो नयाँ स्मार्टफोन सार्वजनिक गर्ने तयारी गरेको छ । 'युलेफोन रगवन एक्सस्याप ७ प्रो' नामक उक्त फोन संसारकै पहिलो यस्तो स्मार्टफोन हुनेछ, जसको क्यामेरालाई फोनबाट बाहिर निकालेर एक्शन क्यामेराजस्तै गरी प्रयोग गर्न सकिन्छ । कम्पनीले सार्वजनिक गरेको टीजर र प्रेस विज्ञप्तिअनुसार सोमबार मार्च २ देखि बार्सिलोनामा सुरु हुने मोबाइल वर्ल्ड कंग्रेसमा यो फोन स्तुत हुन सक्नेछ । अहिलेसम्म बजारमा शक्तिशाली क्यामेरा भएका थुप्रै स्मार्टफोन आए पनि क्यामेरालाई नै फोनबाट अलग गरेर स्वतन्त्र रूपमा प्रयोग गर्न मिल्ने सुविधा भने पहिलोपटक देखिन लागेको हो।

**डिट्याचेबल क्यामेराको नयाँ अवधारणा**

'युलेफोन रगवन एक्सस्याप ७ प्रो' को सबैभन्दा ठूलो विशेषता भनेको यसको म्याग्नेटिक डिटेचेबल क्यामेरा हो । यो क्यामेरा करिब औंलाको नङ जत्रो सानो मोड्युल हुने र सजिलै फोनबाट छुट्याउन सकिने बताइएको छ । कम्पनीले यो मुख्य क्यामेरा हो वा सहायक सेन्सर हो भन्ने अझै स्पष्ट पारेको छैन । फोनबाट अलग भएपछि यसलाई सानो एक्शन क्यामेराजस्तै प्रयोग गर्न सकिनेछ । फोटो वा भिडियो खिच्दा स्मार्टफोनको स्क्रिनलाई रिमोट मोनिटरको रूपमा प्रयोग गर्न सकिने सुविधा पनि हुनेछ । जानकारीअनुसार यस क्यामेरामा सानो ब्याट्री रहनेछ, जसले करिब ३० मिनेटसम्मको ब्याकअप दिन सक्छ ।फोनमा ६.६७ इन्चको १.५ के रिजोल्युसन भएको एमोलेड डिस्प्ले रहनेछ । १२० हर्ज रिफ्रेस रेट सपोर्ट हुने भएकाले स्क्रोलिङ, गेमिङ र भिडियो हेर्ने अनुभव अझै स्मूथ र आकर्षक हुने अपेक्षा गरिएको छ । यस स्मार्टफोनमा मेडियाटेकको डाइमेन्सिटी ८४०० फाइभ जी प्रोसेसर प्रयोग गरिनेछ । यो चिपसेट मध्यम तथा प्रिमियम सेग्मेन्टमा ससक्त कार्यक्षमताका लागि चिनिन्छ । गेमिङ, मल्टिटास्किङ र उच्च गुणस्तरको भिडियो रेकर्डिङमा प्रयोगकर्ताले राम्रो अनुभव पाउने अनुमान गरिएको छ । फोनमा ५० मेगापिक्सेलको मुख्य क्यामेरा रहनेछ भने ६४ मेगापिक्सेलको नाइट भिजन क्यामेरा पनि समावेश हुने बताइएको छ, जसले कम प्रकाशमा फोटो खिच्न सहयोग गर्नेछ । यसमा ९ हजार मिलीएम्पियर आवर क्षमताको ठूलो ब्याट्री दिने तयारी गरेको छ । यति ठूलो ब्याट्री सामान्य स्मार्टफोनमा कमै देखिने भएकाले लामो समयसम्म चार्जको झन्झटबिना प्रयोग गर्न सकिनेछ । *अनलाइन खबर डटकम*

# अवैध लागूऔषध सहित ८ जना पक्राउ




**पाल्पा,** फागुन २५/ देशका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित आठ जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार कपिलवस्तु, झापा, कञ्चनपु, कैलालीका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित आठ जना पक्राउ परेका हुन् ।

कपिलवस्तुको कृष्णनगर नगरपालिका-३ झण्डिनगरबाट अवैध लागूऔषधसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारत उत्तर प्रदेश सिद्वार्थनगर बरहनी घर भएका २३ वर्षीय मोहसिन हाशमी र सोही ठाउँका २३ वर्षीय दिपेन्द्र कश्यप रहेका छन् । इलाका प्रहरी कार्यालय कृष्णनगरबाट खटिएको प्रहरीले खैरो हेरोइन जस्तो देखिने पदार्थ ९ सय ३० मिलिग्राम सहित मोहसिनलाई पक्राउ गरेको हो । भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई उक्त पदार्थ सहित पक्राउ गरिएको प्रहरीले जनाएको छ । साथै थप अनुसन्धानको क्रममा प्रहरीले कृष्णनगर नगरपालिका-२ यात्रुगेटबाट दिपेन्द्रलाई अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ सय मिलिग्राम सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।यस्तै झापाको मेचीनगर नगरपालिका-६ पुरानो मेचीपुलबाट अवैध लागूऔषधसहित एक जनालाई पक्राउ गरेको छ । खैरो हेरोइन जस्तो देखिने पदार्थ ६ ग्राम ६ सय ८० मिलिग्राम सहित इलाम सूर्योदय नगरपालिका-११ बस्ने ३२ वर्षीय पासाङ छिरिङ काजीलाई प्रहरीले पक्राउ गरेको हो । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको बा.३८ प ६९२३ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै कञ्चनपुरको बेलौरी नगरपालिका-१० बाट अवैध लागूऔषधसहित एक जनालाई पक्राउ गरेको छ । खैरो हेरोइन जस्तो देखिने पदार्थ ८ सय ३० मिलिग्राम सहित शुक्लाफाँटा नगरपालिका-५ प्रगती टोल बस्ने २४ वर्षीय हरिश भट्टलाई प्रहरीले पक्राउ गरेको हो । इलाका प्रहरी कार्यालय बेलडाँडी र प्रहरी चौकी भुँडाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको से.७ प २९३७ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरिएको जनाएको छ । यसैगरी कञ्चनपुरकै बेलौरी नगरपालिका-१० सडकघाटबाट अवैध लागूऔषधसहित दुई जनालाई पक्राउ गरेको छ । खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम ७ सय ७० मिलिग्राम सहित कैलाली धनगढी उपमहानगरपालिका-१३ राजपुर बस्ने २ जना १८ वर्षीय किशोरहरूलाई आइतबार राति प्रहरीले पक्राउ गरेको हो । इलाका प्रहरी कार्यालय बेलडाँडी समेतबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै कैलालीको धनगढी उपमहानगरपालिका-१ त्रिबेणी चोकबाट पनि अवैध लागूऔषधसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । चरेश जस्तो देखिने पदार्थ करिब २ किलो ५८ ग्राम सहित सोही ठाउँ बस्ने ६९ वर्षीय डम्बर बहादुर शाही समेत २ जनालाई प्रहरीले पक्राउ गरेको हो । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय धनगढी र वडा प्रहरी कार्यालय धनगढीबाट खटिएको प्रहरीले डम्बर बहादुरको घर तलासी गर्दा उक्त पदार्थ फेला पारी दुवै जनालाई पक्राउ गरेको हो ।

## राजनीतिक संस्कार...

...श्रेष्ठले आफु पराजित भए पनि जनताको सेवामा निरन्तर सक्रिय भएर लाग्ने बताएका छन् । "मतदाताले देखाएको सहानुभूतिले आगामी दिनमा काम गर्न थप ऊर्जा मिलेको छ," उनले भने, "राजनीतिमा हार(जित स्वाभाविक हो । तर, हिजोका दिनमा जनतामाझ मैले गरेका प्रतिबद्धता पदमा नपुगे पनि बाहिर बसेरै पूरा गर्ने प्रयास गर्नेछु ।"

सोमबार नै उनले नेपाली काँग्रेस पाल्पा क्षेत्र नं. २ ले आयोजना गरेको धन्यवाद ज्ञापन कार्यक्रममा समेत नेता कार्यकर्ताहरुलाई निर्वाचनमा काँग्रेसको पक्षमा नतिजा नआए पनि कत्ति पनि विचलित नहुन आग्रह गरेका छन् । कार्यक्रममा नेपाली काँग्रेस पाल्पाका निवर्तमान सभापति तथा निर्वाचन परिचालन समिति पाल्पाका संयोजक विरबहादुर रानाले चुनावी मैदानमा हार जित हुनु स्वभाविक भएको भन्दै उच्च मनोवलका साथ संगठनमा लाग्न सबै नेता कार्यकतार्हहरुलाई आग्रह गरे । काँग्रेस उपसभापति झपेन्द्र गहिरे, काँग्रेस क्षेत्र नम्वर २ का क्षेत्रिय सभापति मुक्तिराम जिसी लगायतले निरास नहुन आफ्ना कार्यकर्ताहरुलाई आग्रह गरे । धन्यवाद ज्ञापन कार्यक्रम क्षेत्रिय सभापति जिसीको अध्यक्षता,सचिव कृष्णबहादुर आलेको सञ्चालनमा भएको थियो । उता क्षेत्र नं २ मा पराजित भएका नेकपा (एमाले)का ठाकुरप्रसाद गैरे, नेपाली कम्युनिस्ट पार्टीका सोमप्रसाद पाण्डेयले पनि छुट्टाछुट्टै कार्यक्रमको आयोजना गरी शुभेच्छुक र मतदाताहरुलाई धन्यवाद दिएका छन् । पराजित भए पनि आउँदा दिनमा पाल्पाली जनताको सेवामा अझ जिम्मेवारीपूर्वक लाग्ने उनीहरुले बताएका छन् । पाल्पा क्षेत्र नं. १ मा विजयी भएका काँग्रेस नेता सन्दीप रानाले पनि गाउँ गाउँमा पुगेर मतदाताहरुलाई धन्यवाद दिइरहेका छन् ।

खेलकुद समाचार

## भारतलाई टी-२० विश्वकपको उपाधि



**काठमाडौं,** फागुन २५/ न्युजिल्यान्डलाई ९६ रनले हराउँदै भारतले आईसीसी टी-२० विश्वकप क्रिकेटको उपाधि जितेको छ । भारतको अहमदाबादमा रहेको नरेन्द्र मोदी स्टेडियममा आइतबारराति भएको खेलमा घरेलु टोली भारतले न्युजिल्यान्डलाई ९६ रनले हरायो । भारतले यो लगातार दोस्रोपटक अनि समग्रमा तेस्रोपटक विश्वकपको उपाधि जितेको हो । उसले सन् २००७ मा पहिलो संस्करणको उपाधि जितेको थियो भने त्यसको १७ वर्षपछि गत संस्करणको २०२४ विश्वकप जितेको थियो । लगातार दोस्रो उपाधि जित्दै उपाधि रक्षा समेत गरेको हो । भारत लगातार दोस्रो अनि तेस्रोपटक उपाधि जित्ने एक्लो टोली हो । न्युजिल्यान्ड भने ५ वर्षपछि फाइनल खेल्दा फेरि उपविजेतामै सीमित भएको छ । यसअघि सन् २०२१ मा अस्ट्रेलियासँग फाइनलमा पराजित भएको थियो । अहमदाबादस्थित नरेन्द्र मोदी स्टेडियममा भएको फाइनल खेलमा भारत ९६ रनले विजयी भयो । भारतले दिएको २५६ रनको विशाल लक्ष्य पछ्याएको न्युजिल्यान्ड १९ ओभरमा १५९ रनमा अलआउट भयो । ओपनर टिम सेफर्टले सर्वाधिक ५२ रन बनाए । कप्तान मिचेल सान्टनरले ४३ रन बनाए । अन्यबाट उल्लेख्य योगदान हुन सकेन । डारिल मिचेलले १७ रन बनाउँदा बाँकी ब्याटर दोहोरो अंकमा पुग्न सकेनन् ।

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## नेप्सेमा तेस्रो सर्किट ब्रेक




**काठमाडौं,** फागुन २५/ सोमबार सेयर बजार तीनपटक सर्किट ब्रेक लागेपछि दिनभरका लागि कारोबार नै बन्द भएको छ । बिहान ११ बजे कारोबार सुरू भएलगत्तै नेप्से परिसूचक ४ प्रतिशतले बढेपछि कारोबार २० मिनेटका लागि बन्द भएको थियो । दोस्रो पटक खुलेको बजारमा दोस्रो सर्किट ब्रेक लागेर ४० मिनेटका लागि स्थगित भयो । पुन : खुलेलगत्तै १ प्रतिशतले बढेपछि तेस्रो सर्किट लागेसँगै दिनभरको कारोबार नै बन्द भएको हो ।

सो अवधिमा नेप्से परिसूचक १६२ दशमलव ९३ अंकले बढेर दुई हजार ८७५ दशमलव ४३ को बिन्दुमा कायम भएको छ । यो छ प्रतिशतको वृद्धि हो । प्रतिनिधिसभा सदस्य निर्वाचनपछि पहिलो दिन खुलेको बजारमा लगानीकर्तामा उत्साह देखिएको छ । हाल कार्यान्वयनमा रहेको 'सर्किट ब्रेक'सम्बन्धी व्यवस्थाअनुसार कारोबार सुरु भएको पहिलो घण्टामा नेप्से परिसूचक चार प्रतिशतले घटे वा बढेमा २० मिनेटसम्म कारोबार बन्द गर्ने व्यवस्था छ । त्यस्तै, दोस्रो घण्टामा पाँच प्रतिशतले घटे वा बढेमा ४० मिनेट र तेस्रो घण्टा वा त्यसपछिको समयमा ६ प्रतिशतले घटे वा बढेमा बाँकी पूरै दिनको कारोबार स्थगित गरिने व्यवस्था रहेको छ । यस दिन २६१ कम्पनीको ११ लाख ४३ हजार ७६७ कित्ता शेयर चार हजार ५१ पटक खरिद-बिक्री हुँदा ५५ करोड ५९ लाख ६३ हजार ८९४ बराबरको कारोबार भएको छ । कारोबारमा बैंकिङ ६ दशमलव ९२, विकास बैंक पाँच दशमलव ९१, वित्त पाँच दशमलव ४७, होटल तथा पर्यटन पाँच दशमलव ७३, जलविद्युत् छ दशमलव ८१ र लगानी समूह सात दशमलव ०६ प्रतिशतले बढेको छ । त्यस्तै, जीवन बीमा चार दशमलव ६७, उत्पादन तथा प्रशोधन पाँच दशमलव ३०, लघुवित्त चार दशमलव ०७, म्युचुअल फन्ड शून्य दशमलव १८, निर्जीवन बीमा तीन दशमलव ७४, व्यापार सात दशमलव ७३ र अन्य समूह पाँच दशमलव ५६ प्रतिशतले बढेको हो ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई